# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, ३ नं प्रदेश, नेपाल

दक्षिणकाली नगर कार्यपालिकाको फर्पिङ, काठमाडौं ३ नं.प्रदेश, नेपाल

च.न २६३६ मिति २०७६।०१।३०

सबै सामुदायिक विद्यालयहरु
श्री दक्षिणकाली नगरपालिका फर्पिङ काठमाण्डौ

विषय :- सामुदायिक विद्यालयहरुलाई प्रस्तावना पेश गर्ने सूचना ।

प्रस्तुत विषयमा आ ब २०७५/२०७६ को विद्यालय क्षेत्र विकास कार्यक्रम मध्ये तपसिलमा उल्लेखित कार्यक्रमहरु कार्यान्वयनको लागि मिति २०७६ जेठ १५ गते भित्र प्रस्तावना पेश गर्नाका लागि यस नगरपालिका भित्रका सवै सामुदायिक विद्यालयहरुलाई यो सूचना जारी गरीएको छ । तोकिएको म्याद भित्र प्रस्तावना पत्र प्राप्त नभएका विद्यालयबाट प्रस्तावना उपर कार्वाही नगरिने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

तपशिल

१ माध्यामिक विद्यालय पुस्तकालय स्थापना तथा व्यवस्थापन १ वटा
२ शिक्षण सिकाईमा सुचना प्रविधिको प्रयोग अनुदान १ वटा
३ माध्यामिक विद्यालय विज्ञान प्रयोगशाला अनुदान १ वटा
४ पानि सरसफाई सुविधा सहितको शौचालय निर्माण २ वटा

प्रस्तावना पत्र साथ पेश गर्नु पर्ने आवश्यक कागजात तथा शर्तहरु

१ विद्यालयले प्राप्त गर्न चाहेको कार्यक्रमहरुको अलग अलग प्रस्तावना पत्र
२ विगत वर्ष हरुमा प्राप्त नभएको कार्यक्रम हुनुपर्ने
३ विद्यालय व्यवस्थापन समितिको निर्णय प्रति हुनुपर्ने
४ पुस्तकालय स्थापना , विज्ञान प्रयोगशाला र सुचना प्रविधिका लागि अलग अलग कक्षा कोठा हुनुपर्ने
५ शौचालय निर्माणको लागि तोकिए वमोजिमको जग्गा हुनुपर्ने

बोधार्थ
श्री नगरप्रमुख ज्यू -जानकारीको लागि ।

रमेशसिंह थापा
उपसचिव दशौ
शिक्षा शाखा